# AML/CFT सम्बन्धी अन्तरक्रिया




बैंक सुपरिवेक्षण विभागले पुस २८ गते विगतमा AML/CFT सँग सम्बन्धित विशेष लक्षित स्थलगत निरीक्षणबाट देखिएका कैफियतका सम्बन्धमा सबै वाणिज्य बैंक र नेपाल पूर्वाधार विकास बैंकका अनुपालना अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

भर्चुअल माध्यममा आयोजित उक्त अन्तरक्रियामा बैंक सुपरिवेक्षण विभागसँगै बैंक तथा वित्तीय संस्था नियमन विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग र वित्तीय जानकारी इकाईका अधिकारीहरूको समेत सहभागिता थियो । सो अवसरमा विभागका सहायक निर्देशक अभियान उपाध्यायले विभागले विगतमा गरेको AML/CFT विशेष लक्षित स्थलगत निरीक्षणमा देखिएका कैफियतका सम्बन्धमा जानकारी दिनुभयो । त्यस क्रममा उहाँले वाणिज्य बैंक र नेपाल पूर्वाधार विकास बैंकका AML/CFT कार्यान्वयनमा देखिएका कमजोरीको चर्चा गर्दै त्यसको निवारणबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा विभागका निर्देशक रोशनकुमार सिग्देलले स्वागत मन्तव्य राख्दै वाणिज्य बैंक र नेपाल पूर्वाधार विकास बैंकको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापसम्बन्धी जोखिम मूल्याङ्कन गरी जोखिममा आधारित सुपरिवेक्षणको सुरुआत गरिएको जानकारी दिनुभयो । निर्देशक सिग्देलसँगै भुक्तानी प्रणाली विभागका निर्देशक निश्चल अधिकारी, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बुद्धराज शर्मा र विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक सचिनराज पियाले सहभागीका जिज्ञासाको जवाफ दिनुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले समापन मन्तव्य राख्दै कार्यक्रम उपयोगी भएको धारणा राख्नुभयो । विभागका उप-निर्देशक गेदा पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागको स्थापना

गैरबैंकिङ वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था र कम्पनीको निरीक्षण तथा सुपरिवेक्षणको निम्ति 'गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग' स्थापना गरिएको छ ।

नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको २०७८ माघ १३ गतेको निर्णयअनुसार फागुन १ देखि लागू हुने गरी उक्त विभाग स्थापना भएको जानकारी संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले दिएको छ। उक्त विभागलाई विदेशी विनियम कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था, हायर पर्चेज कारोबार गर्ने कम्पनी, हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी र राष्ट्रिय सहकारी बैंक लिमिटेडको निरीक्षण, सुपरिवेक्षण र अनुगमनलगायतका सुपरिवेक्षकीय कार्य गर्ने जिम्मेवारी दिइएको छ ।

यसैबीच, 'विकास बैंक सुपरिवेक्षण विभाग' र 'वित्त कम्पनी सुपरिवेक्षण विभाग'लाई एकीकृत गरी 'वित्तीय संस्था सुपरिवेक्षण विभाग' स्थापना गरिएको छ । व्यवस्थापन समितिको फागुन ११ गतेको बैठकको निर्णयबाट उक्त विभाग स्थापना भएको जनाइएको छ ।

यसै गरी, २०७८ माघ १ देखि लागू हुनेगरी सूचना प्रविधि महाशाखालाई सूचना प्रविधि विभागमा स्तरोन्नति गरिएको छ ।